UNIVERSITY OF CAMBRIDGE INTERNATIONAL EXAMINATIONS
General Certificate of Education Ordinary Level

**NEPALI** **3202/01**

Paper 1 Essay, Translation and Comprehension **May/June 2010**

**3 hours**

Additional Materials: Answer Booklet/Paper

*6206132598*

**READ THESE INSTRUCTIONS FIRST**

If you have been given an Answer Booklet, follow the instructions on the front cover of the Booklet.
Write your Centre number, candidate number and name on all the work you hand in.
Write in dark blue or black pen.
Do not use staples, paper clips, highlighters, glue or correction fluid.

Answer **all** questions.

At the end of the examination, fasten all your work securely together.
The number of marks is given in brackets [ ] at the end of each question or part question.

This document consists of **6** printed pages and **2** blank pages.

DC (LEO/KN) 19581/4
© UCLES 2010

## Section A – Composition

1 Write in **Nepali** two compositions of about **150** words each. You may choose any two subjects from the following:

**(a)** बाआमाका बीचमा छोरालाई पढाइका लागि विदेशमा पठाउने या नपठाउने सम्बन्धमा विवाद भइरहेको छ, यसलाई एउटा संवादका रुपमा प्रस्तुत गर्नुहोस् ।

A mother and father are discussing whether or not they should send their son abroad to study. Present this in the form of a dialogue.

**(b)** तपाईले गर्नु भएको कुनै राम्रो कामको लागि पुरस्कार दिइएको स्थितिको कल्पना गर्नुहोस् र त्यस स्थितिको बर्णन गर्दै आफ्ना मनमा लागेका कुराहरु लेख्नुहोस् ।

Imagine a situation in which you were presented with a prize for something you did. Describe what happened and how you felt.

**(c)** 'सिनेमाले समाजलाई सही बाटो देखाउन सक्छ ।' यसमा आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

'Cinema can lead society along the right path'. Express your views on this.

**(d)** अर्को विद्यालयमा पढ्नका लागि आफ्नो विद्यालय छोड्न चाहनुको कारण बताउँदै तपाइँका प्रधानाध्यापकलाई एउटा पत्र लेख्नुहोस् ।

Write a letter to your headmaster explaining why you want to leave school in order to study at a different school.

**(e)** मानौं नयाँ बर्षको उपलक्ष्यमा तपाइँले कुनै एक खराब आदत छोड्ने निर्णय गर्नु भएको छ । यस निर्णयसम्म आइपुग्नका लागि सम्बन्धित विभिन्न घटनाक्रमहरु लेख्नुहोस् ।

It is the New Year, and you have decided to give up a bad habit. Explain the sequence of events that have led to your decision.

[25 × 2]

© UCLES 2010

## Section B – Translation

**2** Translate into **English**:

**राम्रो विचार राख्ने शायद मेरो बानी नै परिसकेको छ । जहाँ गएपनि आफ्नो लागि मात्र होइन, अरुका लागि पनि यही तरिकाले सोच्न मनलाग्छ । म कुनै होटेलमा बस्न गएँ भने वा रेष्टुरामा खान गएँ भने पनि त्यहाँ के गरे राम्रो होला भन्ने विचार मनमा आइहाल्छ । सानोतिनो परिवर्तनले त्यो ठाउँको रुप राम्रो हुने देखिन्छ भने मलाई तुरुन्तै सुझाव दिन मन लागिहाल्छ । कतिचोटि आफू बसेको होटेलमा त्यहाँको म्यानेजर बोलाएर सल्लाह दिएको छु ।**

एकताका म गोवाको एउटा सानो पेइङ गेष्ट हाउसमा केही दिन बस्न गएको थिएँ । ठाउँ राम्रो थियो- समुद्र नजिक आकर्षक पोर्चुगिज शैलीको भवन । होटेल मालिकको नाम थियो नरेन डोसा । सात दिनभित्र त्यो गेष्ट हाउसका कोठाहरुमा खाट, टेबल र दराजहरु सार्न लगाएँ । त्यतिमात्र गर्दा पनि कोठाहरु ठूला र राम्रा देखिए । त्यो परिवर्तन देखेर नरेन डोसाले मेरो सुझावमा भा.रु. एकलाखभन्दा बढी खर्च गरेर नयाँ पर्दा, तन्ना र साना-तिना फर्निचरहरु फेरे । कसैको फाइदाको लागि काम गर्दा त्यसको नतिजा राम्रो भयो भने असाध्यै रमाइलो हुँदोरहेछ ।

[10]

**3** Translate into **Nepali**:

Jana Andolan – all quiet in Kathmandu, April 2006

The ceremonies were over, although simpler than those scheduled. Now we could go our own ways – but could we?

I needed to visit friends before returning to the UK, but no-one wanted to use a car in daylight. Luckily a motorcyclist was found who was willing to make the journey. It was six a.m. and raining lightly. We stopped and he made a call on his mobile before turning off the main road south – was there a disturbance at the junction?

After maybe half a mile we stopped again, outside a house where a young woman was waiting with a waterproof for me. Twenty minutes later I reached my friend's house. No shops were open but a neighbourly shop owner provided food.

Next morning another early motorcycle ride to another friend. The air was wonderfully clear and on the return journey to Buddhanilkantha there was so little traffic that we were able to chat with a cyclist who rode beside us along the side of Ratna Park.

Next day I was due to leave Nepal but news of a total curfew made it uncertain how to get to the airport. But that's another story!

[20]

**BLANK PAGE**

**TURN OVER FOR SECTION C**

## Section C – Comprehension

Read the following passage carefully and then answer in **Nepali** the questions that follow, using your **own** words as far as possible.

एकादेशमा कुनै गाउँमा दुईजना पत्नीसँग कान्छो घर्ती नामको मानिस बस्थ्यो । जेठी श्रीमतीबाट सुभद्रा र कान्छी श्रीमतीबाट नौली नामका दुई छोरीहरु थिए । सुभद्रा जन्मेको केही बर्षपछि तिनकी आमाको निधन भएपछि सुभद्राले सौतेनी आमाको व्यवहारबाट निकै दुख पाई । सौतेनी आमाले सुभद्रालाई बिहान झिसमिसेदेखि साँझ पर्दासम्म घरको काम गराउँथी । एकदिन सौतनी आमाले आफ्नी छोरीलाई यस्तो सल्लाह दिएकी थिइन् - 'सुभद्रालाई नुहाउने बहानामा पोखरी लैजा र त्यहाँ पुगेपछि घचेटी दे अनि हामी सुखले बसेर खाऔँला ।' नौलीले पनि 'जस्तो आमा उस्तै छोरी' भनेझैँ गरी ।

तर कुरा सोचे जस्तो भएन । सुभद्रालाई पोखरीमा जलदेवताले बचाए र एउटा राम्रो सहरमा लगेर छाडिदिए । त्यो अपरिचित शहरमा तिनी अलमलिनु स्वाभाविकै थियो । तिनलाई भोक र प्यासले सतायो । कतै केही पाइन्छ कि भनेर यताउती घुम्दा बाटामा एउटी बूढीलाई भेटिन् । तिनले बूढीलाई बिन्ति गरिन्- 'म ज्यादै भोकाएको छु । केही खाना दिनुस् र काममा लगाउनुस् ।' बूढीले प्रस्ताव गरिन् - 'ठीक छ, म खाने-बस्ने सबै प्रबन्ध मिलाइदिन्छु, तर ३, ४ बर्षसम्म मकहाँ काम गर्नुपर्छ नि ।' सुभद्रालाई 'के खोज्छस् कानो ? आँखा' भने जस्तै भयो । यसरी सुभद्राले बूढीकहाँ गाइ-बाखा चराउने र दूध दुहुने काम पाई । सुभद्राले दूध दुहुँदा बिरालाहरु तिनको पछि लाग्थे, अनि सुभद्राले ती बिरालाहरुलाई गर्दुवाबाट दूध झिकेर पिउन दिन्थिन् । यसरी बिरालाहरु सुभद्राका साथी भए । त्यसै गरी एकदिन बूढीले सुभद्रालाई धान कुट्न लगाई । यहाँ पनि सुभद्राले धान चामल केलाउँदा चराहरुलाई बियाँहरु खान दिई रत्याउने गर्थी ।

एकदिन बूढीले सुभद्रालाई अँध्यारो कोठामा बसेर माटो र ढुङ्गो मिसिएको चामल केलाउन लगाई । यसबाट तिनलाई अत्यास लाग्यो । दैवसंयोगले बिरालाहरु पनि त्यहाँ आइपुगे र भने 'सुभद्रा, पिर गर्नु पर्दैन, हामी मदत गर्छौं ।' सुभद्राले सबै समस्या बताइन् । यसबाट सुभद्रालाई केही हलुका महसुस भयो । अनि बिरालाहरु सुभद्राले आफ्नो आँखाको उज्यालोमा चामल केलाउन सकून् भनेर रातभरि आँखा नचिम्ली बसिरहे । अर्को दिन बूढीले चाल्नीमा पानी ल्याउन अह्राई । सुभद्रा रुँदै पनेरामा पुगिन् तर त्यहाँ पनि चराहरु आइपुगे । चराहरुले नदीबाट चुच्चोमा माटो ल्याएर चाल्नीमा लगाइदिए । चाल्नीको प्वाल टालिएपछि सुभद्राले पानी भरेर ल्याउन सकिन् ।

सुभद्राको कामबाट बूढी ज्यादै खुसी भई । अनि बूढीले तिनलाई तलाउमा गई आफूलाई मन परेको बाकस ल्याउन र तलाउको वरिपरि तीन फन्का घुम्न लगाई । घुम्ने बित्तिकै सुभद्राले आफूलाई त्यही ठाउँमा पाई जहाँबाट तिनलाई तलाउमा घचेटिदिएको थियो । हातमा बाकस पनि थियो जुन सुन, चाँदी, जुहारात र राम्रा कपडाहरुले भरिएको थियो । त्यहाँ एकजना राजकुमार पनि देखापऱ्यो । उसले सुभद्रालाई विवाहको प्रस्ताब गऱ्यो । अनायास देखिएका यी घटनाक्रमहरुबाट सुभद्रा साह्रै खुसी भई । सुभद्रा राजकुमारलाई लिएर घरतिर लागी । अकस्मात् सुभद्रा आएको देखेर सौतेनी आमा डराई । बाबुलेचाहिँ यतिका दिनसम्म बेपत्ता हुनुको कारण सोधेपछि सुभद्राले सबै कुरा सबिस्तार बताई । उता नौलीचाहिँ सुभद्राको गहना-गुरिया देखेर ईर्ष्याले जल्न लागी र मनमनै बिचार गर्न थाली - 'म पनि त्यही पोखरीमा गएर डुब्छु अनि सुभद्राजस्तै भएर आउँछु ।' तर नौली कहिल्यै फर्केर आइनन् ।

© UCLES 2010

4 सुभद्राले सौतेनी आमाबाट किन र कसरी दुख पाइन् ? [3]

5 जलदेवताले पुऱ्याएर छोडेको सहरमा सुभद्रालाई के समस्या आइपऱ्यो ? [1]

6 बिराला र चराहरु किन र कसरी सुभद्राका साथी बन्न सके ? [2]

7 बूढीले सुभद्रासँग के कस्तो परीक्षा लिन लगाइन् ? [2]

8 तिनी सो परीक्षाबाट कसरी उत्तीर्ण भइन् ? [2]

9 सुभद्राको जीवनमा पछिल्लो पटक अचानक देखिएका राम्रा कुराहरु के के हुन् ? उल्लेख गर्नुहोस् । [3]

10 नौलीले किन तलाउमा हामफाल्ने विचार गरिन् ? [2]

[15 marks for Content + 5 marks for Language]

**BLANK PAGE**

Permission to reproduce items where third-party owned material protected by copyright is included has been sought and cleared where possible. Every reasonable effort has been made by the publisher (UCLES) to trace copyright holders, but if any items requiring clearance have unwittingly been included, the publisher will be pleased to make amends at the earliest possible opportunity.

University of Cambridge International Examinations is part of the Cambridge Assessment Group. Cambridge Assessment is the brand name of University of Cambridge Local Examinations Syndicate (UCLES), which is itself a department of the University of Cambridge.

© UCLES 2010